**युनिक नेपाल**

**केन्द्रिय कार्यालय गुलरीया, बर्दिया ।**

# कार्यालय सामान खरिद गर्ने बारेको
# सिलवन्दी दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/०६/०२

सिलवन्दी दरभाउ पत्र फाराम आईपुग्नु पर्ने अन्तिम मिति २०७४/०६/१७ गते समय : दिनको २:०० बजे

दरभाउपत्र फाराम खोल्ने मिति २०७४/०६/ १७ गते समय : दिनको ४:०० बजे

यस कार्यालयको लागी तपसिल अनुसारको कार्यालय सामान खरिद गर्नु परेकोले मूल्य अभिवृद्धि करमा दर्ता भएका ईजाजत प्राप्त फर्म/कम्पनी/सेवा प्रदायकहरुलाई यो सूचनामा प्रकाशित भएको मिति तथा समयभित्र देहायमा उल्लेखित शर्तहरुको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउ पत्र दाताले खाम बन्दी गरी श्री संयोजक ज्यु, खरिद समिति युनिक नेपाल केन्द्रिय कार्यालय गुलरीया बर्दियालाई सम्बोधन गरेको हुनु पर्नेछ ।

| कं. सं. | विवरण | आवश्यक परिमाण | दरभाउ पत्र दस्तुर रु | दरभाउ पत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|
| १ | Desktop computer | २०। (बिस) थान | ५००। | सिल बन्दी दर्ता |
| २. | Camera | ४। (चार )थान | ३००। | |
| ३. | Projector | ४। (चार) थान | ३००। | |
| ४. | Laptop Computer | ३। (तिन ) थान | ३००। | |
| ५ | Printer | ५।(पाँच ) थान | ३००। | |

२. दरभाउ पत्र (Quotation) साथ फर्म वा कम्पनीको नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, गत आर्थिक वर्षको आयकर चुक्ता एवं मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

३. आपुर्तिकर्ताले आफूले आपूर्ति गर्न चाहेको सामानको कम संख्या अनुसारको छुट्टा छुट्टै सामानको सिलबन्दी दरभाउ युनिक नेपाल केन्द्रिय परियोजना कार्यालय गुलरिया बर्दियामा पेश गर्नु पर्ने छ ।

४. प्राप्त दरभाउपत्र स्वीकार गर्ने, नगर्ने ,रद्द गर्ने तथा दरभाउपत्र पूर्णरुपमा वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

५. दरभाउ पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा वा काबु बाहिरको परिस्थिती उत्पन्न हुन गएमा उक्त दिन वा परिस्थिति पश्चात कार्यालय खुलेको पहिलो दिनमा तोकिएको समयमा दरभाउपत्र पेश गर्ने ।

६. दर्ता हुन आएका दरभाउ पत्रहरु यस कार्यालयमा उपस्थित फर्म/संस्था/कम्पनीका अख्तियार प्राप्त प्रतिनिधीहरुको रोहबरमा खोलिने छ । तर फर्म/कम्पनीका प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । दर भाउ पत्र यस संस्थाको कार्यालय गुलरीया बर्दियामा खोलिने छ ।

७. दरभाउ पत्र फारम यस संस्थाको प्रशासन फाँटबाट शुल्क तिरी (फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।

८.यस सम्बन्धी अन्य शर्तहरु संस्थाले दरभाउपत्रमा उल्लेख गरे अनुसार हुनेछ । थप जानकारी चाहिएमा यस कार्यालयको प्रशासन फांटमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

९. उपरोक्त अनुसार रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारबाही गरीने छैन ।

१०. यो सूचना www.unycnepal.org.np मा समेत हेर्न सकिनेछ ।

**संयोजक**

**खरीद समिति युनिक नेपाल**